

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्नै छ । 100% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ ११ गते बिहीबार ❑ 25 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गण्डकी प्रदेशको जनसङ्ख्या २४ लाख ६६ हजार चार सय २७

**पोखरापत्र संवाददाता**
पोखरा, १० जेठ

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कमा गण्डकी प्रदेशको जनसङ्ख्या २४ लाख ६६ हजार चार सय २७ रहेको छ। राष्ट्रिय जनगणना २०६८ मा गण्डकी प्रदेशको अर्न्तगतका जिल्लाको जनसङ्ख्या २४ लाख तीन हजार सात सय ५७ थियो।

तथ्याङ्क कार्यालय कास्कीले मङ्गलबार पोखरामा एक कार्यक्रमको आयोजना गरी गण्डकी प्रदेशका ११ जिल्लामा रहेको जनसङ्ख्याको तथ्याङ्क सार्वजनिक गरेको हो । गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सुशीला सिम्खडाले एक कार्यक्रमबीच उक्त तथ्याङ्क सार्वजनिक गर्नुभएको हो । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कूल जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ छ। जस अन्तरगत पुरुषको सङ्ख्या एक करोड ४२ लाख ५३ हजार पाँच सय ५१ अर्थात ४८.८७ प्रतिशत छ, भने महिलाको सङ्ख्या एक करोड ४९ लाख ११ हजार २७ अर्थात ५१.१३ प्रतिशत रहेको छ।

जनगणनाअनुसार गण्डकी प्रदेशका ११ जिल्लामा पुरुषको सङ्ख्या ११ लाख ७० हजार आठ सय ३३ अर्थात ४७.४७ प्रतिशत छ भने महिलाको सङ्ख्या १२ लाख ९५ हजार पाँच सय ९४ अर्थात ५२.५३ प्रतिशत रहेको छ।

जनगणनामा गण्डकी प्रदेशमा सबैभन्दा धेरै जनसङ्ख्या कास्कीमा छ लाख ५१ जना छ भने सबैभन्दा कम जनसङ्ख्या मनाङ जिल्लामा पाँच हजार छ सय ५८ जना छ । जनधनत्वको हिसाबमा पनि कास्की जिल्लामा २९५ जना प्रतिवर्ग किलोमिटर र सबैभन्दा कम मनाङमा तीन जना प्रतिवर्ग किलोमिटरमा बसोबास गर्छन् । पछिल्लो मतगणनाको नजिता प्रस्तुत गर्दै राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक ढुण्डीराज लामिछानेले गण्डकीका ११ जिल्लामध्ये कास्कीमा वार्षिक जनसङ्ख्या वृद्धिदर १.९० प्रतिशत र सबैभन्दा कम मनाङमा वार्षिक वृद्धिदर माइनस १.३९ प्रतिशत रहेको जानकारी दिनुभयो । लैङ्गिक अनुपातमा गण्डकी प्रदे्शमा प्रति सय जना महिलामा पुरुषको सङ्ख्या ९०.३७ छ । लैङ्गिक अनुपातमा गण्डकी प्रदेशको मनाङ जिल्लामा एक सय जना महिलामा पुरुषको सङ्ख्या सबैभन्दा धेरै १२९.४४ छ। भने सबैभन्दा मक स्याङ्जा जिल्लामा एक सय महिलामा ८५. ५७ जना पुरुष छन् । दश वर्षको अवधिमा नेपालकमा सबैभन्दा कम जनसङ्ख्या वृद्धिदर र परिवर्तन गण्डकीमा ०.२५ प्रतिशतले भएको छ भने सबैभन्दा वढी वृद्धिदर लुम्बिनी प्रदेशमा १३.८४ प्रतिशतले भएको छ । गण्डकी प्रदेश अन्तर्गत औषत परिवार सदस्य सङ्ख्या सबैभन्दा वढी नवलपुरमा ४.०३ जना र सबैभन्दा कम गोरखामा ३ं ४९ जना तथ्याङ्कले देखाएको छ । नेपालभरी परिवारमा अनुपस्थित जनसङ्ख्या अर्थात विदेशमा रहेका मानि २१ लाख ९० हजार पाँच सय ९२ जना छन् भने विस २०६८ को जनगणनामा विदेशमा हुने सङ्ख्या १९ लाख २१ हजार चार सय ९४ जना थियो । नेपालमा साक्षरता दर ७६.२ प्रतिशत रहेको छ। गण्डकी प्रदेशमा अपाङ्गता दर २.९ रहेको छ भने नेपालमा त्यो दर २.२ रहेको छ। आर्थिक कामको औद्योगिक क्षेत्र वर्गीकरणअनुसार गण्डकी प्रदेशमा आर्थिक काममा सम्लग्न १३ लाख २० हजार एक सय ९४ जना रहेको र तीमध्ये धेरै कृषि, वन र माछापालन क्षेत्रमा ५७ .६ प्रतिशत र थोक तथा खुद्रा व्यापारमा १२८ प्रतिशत र निर्माणमा ७ प्रतिशत र शिक्षामा ३.७ प्रतिशत र औद्योगिक उत्पादनमा ३.२ र अन्य सेवामा ३.२ प्रतिशत रहेको तथ्याङ्कमा उल्लेख छ । नतिजा सार्वजनिक गर्दै गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सुशीला सिम्खडाले नेपालबाट युवा जनशक्तिविदेश पलायन हुने क्रम वढिरहेकाले नेपालको युवा जनशक्तिलाई नेपालमा नै बस्ने वातावरण सरकारले बनाउनु पर्ने आवश्यकता रहेको बताउनुभयो । राष्ट्रिय तथ्याङ्क केन्द्रीय कार्यालयका सचिव रामप्रसाद थपलियाले तथ्याङ्कले नतिजाले नेपालको जनसङ्ख्याको वस्तुस्थिति देखाएकाले सरकारले पनि जनताको हितमा काम गरेर विदेश पलायन हुने जनसङ्ख्या नेपालमा जै रोक्नुपर्नेमा जोड दिनुभयो । गण्डकी प्रदेश सरका मुख्यमन्त्री कार्यालयका सचिव वद्री अधिकारीले नेपालको नेपालको शैक्षिक र दक्ष जनशक्ति नेपालमा नै राखेर विकासको ढोका खोल्नुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा जिल्ला समन्वय समिति कास्की समन्वय अधिकारी नवराज बराल, तथ्याङ्क कार्यालय प्रमुख जगुलाल बस्याललगायतले शैक्षि कर दक्ष जनशक्ति विदेश पलायन हुनबाट रोक्नुपर्नेमा जोड दिनुभएको थियो।

## औषधी र स्वास्थ्य उपकरण थन्काउने होईन भन्दै स्टोर हेर्न पुगे मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, १० जेठ



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले औषधी र स्वास्थ्य उपकरण स्वास्थ्य संस्था मार्फत जनताकहाँ पुऱ्याउन निर्देशन दिएका छन् ।

स्वास्थ्य जनताको जिबनसँग जोडिएकाले संवेदनशिल क्षेत्र रहेको बताउँदै उनले भने ' औषधी थन्काएर राख्ने होईन, सक्दो जनताकहाँ पुऱ्याउनुपर्छ ।'

मंगलवार पोखरामा आयोजितएककार्यक्रममागण्डकी प्रदेशको बिभिन्न पालिकाका जनप्रतिनिधिहरुले औषधी, स्वास्थ्य उपकरण स्टोरमा हुँदाहुँदै प्रदेश सरकारले नदिएको गुनासो गरेका थिए । जनप्रतिनिधिको गुनासोपछि बुधवार बिहान आफैँ स्टोर हेर्न पुगेका मुख्यमन्त्री पाण्डेले कर्मचारीसँग औषधी थन्काएर राखेको, स्थानीय तहमा नपठाएको हो ? भन्ने प्रश्न गरेका थिए।

सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयका सचिव बिनोदबिन्दु शर्माले स्वास्थ्यको प्रोटोकल अनुसार १० प्रतिशत औषधी इमरजेन्सीकालागि स्टक राख्नुपर्ने नियम रहेकाले सोही अनुसार मात्रै स्टोरमा औषधी रहेको जानकारी गराए । उनले सबै प्रकारका औषधी अझै १० प्रतिशत अपुग रहेको भन्दै भएका औषधी जिल्ला अस्पताल र प्रदेश मातहतका स्वास्थ्य संस्थालाई पुऱ्याउन नसकेको बताए । इमरेजन्सीकालागि बाहेक औषधी स्टक नरहेको उनले मुख्यमन्त्रीलाई जानकारी गराए।

मुख्यमन्त्री पाण्डेले औषधी १० प्रतिशत राख्नुपर्ने नियम भएपनि स्वास्थ्य उपकरणहरुभने सक्दो धेरै प्रयोगकालागि पठाउन सुझाब दिए । साथै उनले ११ जिल्लाका कम्तीमा एक/एक पालिकाका प्रमुखहरुलाई बोलाएर स्वास्थ्य प्रोटोकल र नियमबारे पनि थाहा दिनुपर्ने बताए। 'हामी र स्थानीय तह बिच कम्यूनिकेशन नहुँदा पनि केही समस्या भएको छ, उहाँहरुलाई प्रदेशमा औषधी छ हामीले पाएनौँ भन्ने परेको हुन सक्छ' उनले सचिवलाई निर्देशन दिँदै भने 'यो बारेमा तत्काल स्थानीय तहका प्रमुखहरुलाईपनि जानकारी गराउनुहोला ।'

मुख्यमन्त्री पाण्डेले आफुलाई गरेको ब्रिफिङ र फिल्डमा फरक नहुने गरी काम गर्न मन्त्रालयका कर्मचारीलाई निर्देशन दिए । मुख्यमन्त्री पाण्डेले स्वास्थ्यका विषयमाप्रदेशसरकारसंवेदनशिल रहेको बताउँदै अहिलेको स्थित भन्दा आगामी वर्ष स्वास्थ्य क्षेत्रमा केही सुधार गर्ने बताए। ' हामीसँग साधन स्रोत सिमित छ, आवश्यकता र पूर्तीलाई कसरी ब्यवस्थित गर्ने भन्ने योजनामा हामी छौँ' मुख्यमन्त्री पाण्डेले भने।

के सामग्री खरिद गरेर कसरी राखेको छ, बितरण प्रक्रिया के छ भन्ने विषयमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, गण्डकी प्रदेश सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री शुसिला सिम्खडा लगायत निरीक्षणमा पुगेका थिए।

## 'नागरिक बेच्नेकार्यमा संलग्नहरु देशद्रोही हुन्'

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, १० जेठ



नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाई बेच्ने कार्य देशद्रोही भएको ठहर गर्दै घट्नामा संलग्नलाई कडा भन्दा कडा कारवाहीको माग गर्दै स्याङ्जामा ज्ञापनपत्र बुझाइएको छ।

वास नेपाल र आपसी सहयोग केन्द्रले स्याङ्जाका प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरे मार्फत प्रधानमन्त्रीलाई राज्यशक्तिको दुरुपयोग गर्दै नागरिक बेच्ने अपराधीहरुलाई कारवाहीको माग गर्दै ज्ञापनपत्र बुझाइएको हो । वास नेपाल जिल्ला शाखा स्याङ्जाका उपाध्यक्ष हेमप्रकाश गुरुङ र आपसी सहयोग केन्द्र स्याङ्जाका निर्देशक हरीप्रसाद ढकालले संयुक्त हस्ताक्षरण गरेको ज्ञापनपत्रमा देशको छविलाई नै धुमिल गराउने गरी नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाई संयुक्त राज्य अमेरीका पठाउने कार्यले विश्वसामु नेपालीले शिर निहुराउनुपर्ने अवस्था सिर्जना भएको उल्लेख गरेका छन् । यस्तो अपराधमा संलग्न कोही कसैलाई कुनै बहानामा नछाड्न नागरिकको तर्फबाट खबरदारी गर्दछौं विज्ञप्तीमा भनिएको छ।

देशमा भष्ट्रचार संस्थागत रुपले भइरहेको उल्लेख गर्दै विज्ञप्तीमा भनिएको छ,'कयौ भष्ट्रचारका काण्डहरु राजनीतिक अवरणमा ढाकछोप र दोशीलाई कारवाही नगरेर छाडिएको उदाहरणहरु छन् ।' यस्ता प्रकारका घट्ना दोहोरिँदै जानु र अपराधमा संलग्नलाई छाड्दै जाने हो भने आम नागरिकहरु चुप लागेर बस्ने छैनन् विज्ञप्तीमा भनिएको छ । अहिले पनि बहादवाला गृह सचिव, पुर्व गृहमन्त्री र पुर्व उपाप्रधानमन्त्री लगायत हाईप्रोफाईलका व्याक्तिहरु पक्राउ परेका छन् । यस कार्यको आम नागरिकले सम्मान गरेको छ। तर विगतमा झै छानविन कमजोर बनाएर कुनै बहानामा छाड्ने काम भयो भने सरकारले नागरिकको विश्वास गुमाउने छ भन्दै भुटानी शरणार्थी प्रकरणमा मुछिएका व्याक्तिलाई कडा भन्दा कडा कारवाही गर्न जोडदार माग गर्दछौं विज्ञप्तीमा भनिएको छ।

वास नेपाल र आपसी सहयोग केन्द्र स्याङ्जाले १० बुँदे भष्ट्रचार बिरुद्धको संयुक्त राष्ट्रिसंघिय महासन्धि कार्यन्वयनका लागि समेत माग गरेको छ। अख्तियारलाई संस्थागत बनाईयोस, भष्ट्रचार विरुद्ध शुन्य सहनशीलताको रणनीति अवलम्वन गरियोस, राजनीतिकदललाई पारदर्शी बनाउने व्यवस्था गरियोस लगायतका १० बुँदे माग गरिएको छ । ज्ञापनपत्र बुझ्दै स्याङ्जाका प्रजिअ घिमिरेले प्रधानमन्त्री कार्यालयमा तत्काल पठाउने प्रतिवद्धता व्यक्त गर्दै स्याङ्जामा हुने भष्ट्रचारका सवालमा आफुले कठोर कदम चाल्ने बताए । भष्ट्रचार गर्नु अपराध हो भन्ने बुझेर यस्ता गलत क्रियाकलापमा लाग्ने जो कोहीलाई आफुले नछाड्ने बताउदै प्रजिअ घिमिरेले यस्ता क्रियाकलापलाई निरुत्साही पार्न सबैले सहयोग गर्न अनुरोध गरे।

## भूटानी शरणार्थी प्रकरणमा प्रहरी महानिरीक्षकको कुनै संलग्नता छैन : नेपाल प्रहरी

**पोखरापत्र संवाददाता**
पोखरा, १० जेठ

नेपाल प्रहरीले भूटानी शरणार्थी प्रकरणमा प्रहरी महानिरीक्षकको कुनै संलग्नता नरहेको बताएको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता कुवेर कडायतले आज एक विज्ञप्ति जारी गरी नक्कली भूटानी शरणार्थी प्रकरणमा नेपाल प्रहरीका महानिरीक्षक बसन्त कुँवरको कुनै संलग्नता नरहेको बताउनुभएको हो । "कुनै आधार, तथ्य र प्रमाणविना अपराध अनुसन्धान जस्तो संवेदनशील विषयमा सम्प्रेषण गरिएको समाचारले जनमानसमा भ्रम


**बाँकी अन्तिम पृष्ठमा ▶▶**






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## 'लोककल्याणकारी विज्ञापन रोक्ने सरकारको नीति छैन'

**रासस**
पोखरा, १० जेठ

सरकारले लोककल्याणकारी विज्ञापन नरोकिने स्पष्ट पारेको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका सञ्चारविज्ञ नरेन्द्र केसीका अनुसार लोककल्याणकारी विज्ञापन रोक्ने सरकारको नीति नरहेको र नरोकिने प्रतिबद्धता यसअघि नै मन्त्री शर्माले स्पष्ट पारिसक्नुभएको छ।

नेपाल पत्रकार महासंघ उपत्यका प्रदेश समितिले यही जेठ ९ गते बुझाएको ज्ञापनपत्र बुझ्दै विज्ञापन नरोक्ने र नरोकिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । चालु आर्थिक वर्षको विनियोजन भएको बजेट अपुग भए थप रकमको प्रबन्ध गरिने मन्त्री शर्माले प्रतिबद्धता व्यक्त गर्नुभएको छ । आगामी दिनमा लोककल्याणकारी विज्ञापन वितरण कार्यक्रम निरन्तर हुने मन्त्री शर्माले स्पष्ट गरिसक्नुभएको सञ्चारविज्ञ केसीले जानकारी दिनुभयो।

# पोखरा-१४ र १५ वडास्तरीय फुटबलको फाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, १० जेठ



पोखरा महानगरपालिका वडास्तरीय फुटबल प्रतियोगिताको फाइनलमा वडा नम्बर १४ र १५ खेल्ने भएका छन् । बुधबार भएको दुई सेमिफाइनलमा जित निकालेका यी दुई वडा उपाधिका लागि मैदान उत्रने भएका हुन् ।

पहिलो सेमिफाइनलमा वडा नम्बर १५ ले वडा नम्बर ३० लाई २-१ ले हरायो । दोस्रो सेमिफाइनलमा वडा नम्बर १४ ले वडा नम्बर २७ लाई पराजित गऱ्यो । वडा नम्बर १५ को जितमा विशाल गुरूङ र श्रीजन रञ्जितले एक-एक गोल गरे । वडा नम्बर ३० का सागर गौतमले एक गोल गरेका थिए । वडा नम्बर १५ का श्रीजन म्यान अफ द म्याच घोषित भए । वडा नम्बर १४ को जितमा आशिष कार्की र नारन गुरूङले दुई-दुई गोल गरेको आयोजकले जनाएको छ । आशिष म्यान अफ द म्याच बने ।

वडा नम्बर १४ र १४ बीचको फाइनल बिहीबार बिहान ११ बजे पोखरा रंगशालास्थित फुटबल मैदानमा हुनेछ । कास्की जिल्ला फुटबल संघको प्राविधिक सहयोगमा आयोजित प्रतियोगितामा पोखरा महानगरपालिकाका ३३ मध्ये ३० वडाको सहभागिता छ । विजेता वडाले एक लाख ५० हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउने छ । उपविजेता हुने वडाले एक लाख रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार पाउने सदस्य सचिव सुवास खड्काले जानकारी दिए ।

सर्वोत्कृष्ट खेलाडीलाई १५ हजार रूपैयाँ र उत्कृष्ट डिफेन्डर, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फरवार्ड, उत्कृष्ट प्रशिक्षकलाई ५-५ हजार रूपैयाँसहित ट्रफी र प्रमाणपत्र पुरस्कार दिइने छ ।

# पोखराबाटै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एयर होष्टेस (क्याविन क्रु) प्रशिक्षण

**प्रेम बहादुर आले**
पोखरा, १० जेठ



पर्यटकीय नगरी पोखराबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय एयरहोष्टेस सहितको क्याविन क्रु प्रशिक्षण हुने भएको छ ।

पोखराको नयाँबजारमा रहेको एयरलायन्स फ्लाईट एटेण्डेण्ट एकेडेमीले यस नयाँ आर्थिक बर्षको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय एयरहोष्टेस सहितको क्याविन क्रु प्रशिक्षण गराउने तयारी गरेको एकेडेमीका निर्देशक शोभा के.सी.ले बताइन् । अन्तर ाष्ट्रिय बजारमा एयरहोष्टेस सहितका क्याविन क्रुको माग भएकोले त्यसलाई मध्यनजर गरी आफुहरुले अनुभवी प्रशिक्षकहरुबाट ५ महिने क्याविन क्रु तयारी कोर्स र ३ महिने ग्राउन्ड ह्यान्डलिङ कोर्सको तयारी कक्षा संचालन गर्न लागेको उनले बताइन् ।

सन् २०१२ मा स्थापना भएको उक्त एकेडेमीले पोखरामा रहि तालिम दिने गरेको छ भने उक्त एकेडेमीका युवाहरु राष्ट्रिय देखि अन्तर्राष्ट्रिय (गल्फ राष्ट्र) का एयरलाईन्स कम्पनीहरुमा नाम निकाल्न सफल भएको निर्देशक के.सी.को दाबी छ । आफुहरुले तालिम लगायत नेपालका आन्तरिक तथा अन्तराष्ट्रिय एयरलाईन्स कम्पनिहरुमा जागीरको लागी समन्वय गर्ने भएको उनले पोखरापत्रलाई बताइन् ।

परिचारिका बन्नको लागि न्यूनतम प्लस टु उर्त्तिण गरेको, १८ बर्ष उमेर पुगेको, ५.२ इन्च उचाई हुनु पर्छ भने पुरुषहरुको हकमा भने ५.६ इच्छ उचाई भएको हुनु पर्ने छ ।

थोरै लगानीमा राम्रो आम्दानी गर्न सकिने यो पेशा आकर्षणको रुपमा रहेको निर्देशक के.सी.ले बताइन् । सामान्यतया आन्तरिक हवाई उडानमा न्यूनतम ५० हजार देखि एक लाख ५० हजारसम्म तलव हुने गर्दछ भने अन्तर्राष्ट्रिय हवाई उडानमा साँढे दुई लाख देखि ४ लाखसम्म परिचालिका तथा परिचालको तलव हुन्छ ।

# महिला भलिबलमा नेपाल भारतसँग पराजित

**रासस**
काठमाडौं, १० जेठ

एनएससी-काभा महिला भलिबल च्यालेञ्ज कपमा नेपाल भारतसँग पराजित भएको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा आज भएको समूह चरणको अन्तिम खेलमा नेपाल भारतसँग १-३ को सेटमा पराजित भएको हो । यससँगै भारत समूह ए को विजेता बन्दै सेमिफाइनलमा पुग्यो भने नेपाल समूहको उपविजेता बन्दै सेमिफाइनलमा पुग्यो । अब सेमिफाइनल खेलमा नेपालले समूह बी को विजेता काजकिस्तानसँग शुक्रबार प्रतिस्पर्धा गर्नेछ । भारतले सेमिफाइनलमा समूह बी को उपविजेता उक्वेकिस्तानसँग खेल्नेछ । बुधबारको खेलमा नेपालले पहिलो सेट १२-२५ ले गुमाएको थियो ।

त्यसपछि नेपालले दोस्रो सेट २४-२६ ले गुमाउन पुग्यो । नेपालले तेस्रो सेट २५-२० ले आफ्नो पक्षमा पारेको थियो । चौथो तथा अन्तिम सेटमा नेपालले २५-२१ ले गुमाउँदै समूह उपविजेता बनेको हो ।

# 'युवालाई बुझ्नु जरुरी छ' : कांग्रेस नेता डा कोइराला

**रासस**
काठमाडौं, १० जेठ



नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले युवाको सङ्ख्या देशमा घट्दै जानु सुखद नरहेको बताउनुभएको छ ।

शुभेच्छुक संस्था नेपाल सांस्कृतिक महासङ्घको स्थापना दिवसका अवसरमा आयोजित 'राष्ट्रिय प्रशिक्षण भेला तथा चित्रकला कार्यशाला २०८०' को समापन समरोहलाई सम्बोधन गर्दै नेता कोइरालाले युवाले खोजिरहेको कुरा बुझ्न आवश्यक रहेको बताउनुभयो । "युवाले पार्टी र देशबाट के खोजिरहेको ? यो बुझ्न जरुरी छ । उनीहरू देशमै नरहनु राम्रो सङ्केत होइन । युवालाई काङ्ग्रेसमा कसरी आकर्षित गर्ने विषयमा महासङ्घले समेत भूमिका खेल्नु जरुरी छ", उहाँले भन्नुभयो । उहाँले पछिल्लो समय पार्टी जनतासँग टाढा भएको र सहर केन्द्रीत भएको स्वीकार्दै पुरानो बाटोमा पुनः यात्रा गर्न सुझाव दिनुभयो । नेता कोइरालाले सांस्कृतिककर्मीलाई पार्टीले चिन्न नसकेको समेत स्वीकार्नुभयो । "कलाकारलाई चिन्ने र बुझ्ने गिरिजा बाबु हुनुहुन्थ्यो । अहिले चुनावको बेलामा सहयोग चाहिँदा मात्र सम्झिने गरेका छौँ", उहाँले भन्नुभयो, "समयानुकूल परिमार्जित गर्दै महासङ्घलाई अगाडि बढाउनु जरुरी छ । यहाँ काङ्ग्रेस नभएता पनि लोकतान्त्रिक विचार राख्ने कलाकर्मीलाई समेट्न अझै मेहनत गर्नुस् ।" उहाँले आगामी निर्वाचनमा कांग्रेसले वडा तहबाट नै एक्लै लड्नु पर्ने विचार समेत राख्नुभयो ।

भेलामा देशभरबाट सांस्कृतिककर्मीको उपस्थिति रहेको महामन्त्री शिवशङ्कर रिजालले जानकारी दिनुभयो । "सातै प्रदेशबाट प्रतिनिधि आउनुभएको छ ।

यस भेलाले महासङ्घलाई बढ्न मार्गदर्शन समेत दिएको छ", महामन्त्री रिजालले भन्नुभयो । उहाँले छ महिनामा महाधिवेशन गर्ने तयारी भइरहेको समेत जानकारी दिनुभयो । भेलाको उद्घाटन दिउँसो कानून, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले गर्नुभएको थियो ।

# फुटबलर श्रेष्ठ थिंकस्मार्ट कन्सल्टेन्सीको ब्राण्ड एम्बेस्टर

**ललित अधिकारी/ तुलसी धमला**
पोखरा, १० जेठ



थिंकस्मार्ट इन्टरनेसनल कन्सल्टेन्सी एण्ड भिसा सर्भिसेसले राष्ट्रिय फुटबल खेलाडी सुमित श्रेष्ठलाई ब्राण्ड एम्बेस्टर बनाएको छ ।

आगामी एक वर्षका लागि फुटबलर श्रेष्ठसँग थिङ्क स्मार्टल इन्टरनेसनल कन्सल्टेन्सीले एम्बेस्टरका रुपमा सहकार्य सम्झौता गरेको हो । कन्सल्टेन्सीको तर्फबाट फुटबलर श्रेष्ठसँगको सम्झौता पत्रमा सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत राजेश गुरुङ राजुले हस्ताक्षर गरेका थिए । सम्झौतापत्र हस्तान्तरण पश्चात बोल्दै कन्सल्टेन्सीका प्रमुख कार्यकारी अधिकृत गुरुङले सुमित श्रेष्ठ पोखरेलीको सान मात्र नभएर राष्ट्रकै गौरव भएको बताए । उनले फुटबलर श्रेष्ठसँग सहकार्य गर्न पाउँदा खुशी व्यक्त गर्दै बाँकी खेलजीवनको सफलताको शुभकामना व्यक्त गरेका थिए ।

यस्तै ब्राण्ड एम्बेस्टर बनेका श्रेष्ठले आफ्नो तर्फबाट एिम्बेस्टरको भूमिका निभाउन कटिबद्ध रहेको धारणा व्यक्त गरेका थिए । थिंकस्मार्टको एम्बेस्टर बनेका फुटबलर श्रेष्ठले सम्झौतापत्र अनुसार ४ किस्तामा १ लाख प्राप्त गर्नेछन् । फुटबलर श्रेष्ठ नेपाली फुटबल जगतका उदीयमान खेलाडी हुन् । उनी हाल जारी शहिद स्मारक ए डिभिजन लिगमा मनाङ मर्स्याङ्दी क्लबबाट खेलिरहेका छन् ।

थिंकस्मार्ट कन्सल्टेन्सीले उच्च शिक्षा हाँसिल गर्न विदेश जान चाहने विद्यार्थीहरुका लागि क्यानडा, बेलायत, अष्ट्रेलिया र न्यूजिल्याण्ड लगायतका देशमा सेवा प्रदान गर्दै आएको छ ।

## भुटानी...

सिर्जना हुन जाने र नेपाल प्रहरी सङ्गठनकै विश्वसनीयता, छवि तथा चेन अफ कमाण्डमा समेत आँच आउने हुँदा उक्त समाचारप्रति नेपाल प्रहरी प्रधान कार्यालयको पूर्ण असहमति रहेको छ", प्रवक्ता कडायतद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

प्रहरीले कुनै दुई व्यक्तिले गरेको संवादकै आधारमा शरणार्थी प्रकरणका आरोपितबाट प्रहरी प्रमुख स्वयंले नै आर्थिक फाइदा लिएको भन्ने अतिशयोक्ति तथ्य स्थापित गर्न खोजी प्रहरी महानिरीक्षकलाई विवादमा तानिनु अत्यन्त निन्दनीय भएको बताएको छ ।

प्रवक्ता कडायतले नक्कली भूटानी शरणार्थी प्रकरणमा नेपाल प्रहरीले नै सफल अनुसन्धान गरी मुद्दा पेस गरिसकेको अवस्थामा कल्पितरूपमा समाचार बनाई आरोपित भगाउन प्रहरी महानिरीक्षक नै संलग्न भएको प्रचारबाजी गरिनु सङ्गठनकै लागि अत्यन्त दुःखद् रहेको बताउनुभयो । "नेपाल प्रहरी सदैव संविधान, कानून र सङ्गठनको आफ्नै मूल्यमान्यतामा अडिग रही दोषी नछुट्नू, निर्दोष नफसुन् भन्नेमा सचेत र प्रतिबद्ध छ", विज्ञप्तिमा भनिएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले प्रहरी महानिरीषकले नक्कली भूटानी शरणार्थी प्रकरणमा आरोपीलाई जोगाउन भूमिका खेलेको भन्दै उहाँलाई निलम्बन गरी सत्यतथ्य छानविन गर्नुपर्छ भनी गृहमन्त्रीको ध्यानाकर्षण गराउनुभएको थियो ।


गणतन्त्र दिवस, २०८० भव्यरुपमा मनाऔं

◆ गणतन्त्र दिवस (जेठ १५ गते) को अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरौं ।

◆ लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं ।

◆ संघ, प्रदेश एवं स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने : शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# अन्नपूर्ण आधार शिविरमा 'पञ्चकुण्ड ताल'को छुट्टै आकर्षण

**– कमल खत्री**
बेनी, १० जेठ (रासस)

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा अवस्थित नर्थ अन्नपूर्ण आधार शिविरमा रहेको 'पञ्चकुण्ड ताल'ले पर्यटकलाई आकर्षित गर्ने गरेको छ।

समुद्री सतहबाट चार हजार एक सय मिटर उचाइमा करिब २० हजार वर्गमिटर क्षेत्रफलमा फैलिएको यो ताल अन्नपूर्ण हिमाल आरोहण र आधार शिविरको भ्रमणमा जाने पर्यटकको मुख्य आकर्षणको केन्द्र बनेको छ।

यस क्षेत्रमा पुग्ने पर्यटक हिमालको फेदीको उपत्यकामा आकाशे निलो रङको पानीले भरिएको तालको अवलोकन गर्दा मोहित भएर फर्कने गरेका छन्। पहिलोपटक आधार शिविर पुग्नुभएका अन्नपूर्ण गाउँपालिका-७ हिस्तानका प्रदीप पुनले हिमालकै फेदीमा प्राकृतिक सुन्दरताको छटाले भरिएको पञ्चकुण्ड ताल अवलोकन गर्दा पै दलयात्राका सबै दुःख बिर्सिएको बताउनुभयो। "आधार शिविरबाट वरिपरि घेरिएको हिमाल, हिमालको फेदीमा यति विशाल ताल, हिमतालकै वरपर वर्षौँदेखि जमेका हिउँको ग्लेसियरका अनौठा आकृति, एउटै आकाशे रङमा देखिने तालको पानी नियाल्दा समय बितेको पत्तै नहुने रहेछ", उहाँले भन्नुभयो। ग्लेसियर क्षेत्रमा फैलिएको यो हिमताल हिउँदयाममा विभिन्न पाँच कुण्डको आकृतिमा देखिने भएकाले कुण्डको नाम पञ्चकुण्ड नामकरण गरिएको नारच्याङका पर्यटन व्यवसायी तेज गुरुङले बताउनुभयो। उहाँका अनुसार सन् १९५० तिर हिमाल आरोही लिएर आएका शेर्पाहरूले यसको नाम डिकिचो ताल भनेर नामकरण गरेका थिए। हिमालको फेदीमा उच्च उचाइमा रहेको कारण पानी जमिरहने भएकाले जम्ने तालको अर्थका रूपमा शेर्पाहरूले डिकिचो ताल नामकरण गरेको भएपछि स्थानीयवासीले तालको भू-बनोटका आधारमा पञ्चकुण्ड नामकरण गरेको गुरुङले जानकारी दिनुभयो। नारच्याङबाट 'मौरिस हर्जोग पदमार्ग' हुँदै एकदेखि दुई दिनको यात्रामा पञ्चकुण्ड तालमा सजिलै पुग्न सकिन्छ। आधार शिविर क्षेत्रको भ्रमणमा जाने पर्यटकका लागि कुण्ड नै पहिलो र प्रमुख आकर्षणका रूपमा रहेको छ। निलो रङले भरिएजस्तै देखिने पञ्चकुण्ड ताल परिसरबाट अन्नपूर्ण हिमालका साथै फ्रेन्क, तिलिचो र निलगिरि हिमालको मनमोहक दृश्य फन्को मारेर अवलोकन गर्न सकिन्छ। वरिपरि हिमालले घेरिएको उपत्यकामा निलो तालको मनमोहक प्राकृतिक सौन्दर्य लोभलाग्दो रहेको आधार शिविर क्षेत्रमा पुग्नुभएका आन्तरिक पर्यटक धनीलाल गर्बुजाले बताउनुभयो। तालमा देखिने हिमालको छायाँ र उज्यालो बढ्दै जाँदा गाढा हुँदै जाने तालको पानीको निलो रङले पहिलोपटक पुग्ने जो-कसैलाई आश्चर्यमा पार्ने गर्बुजाले अनुभव सुनाउनुभयो।ताललाई धार्मिक गन्तव्यका रूपमा विकास गराउन शिवमन्दिर र गुम्बासमेत निर्माण गरिएको छ। हिमाल आरोहण र आधार शिविरको भ्रमणमा आउने पर्यटकले हिमालको मूलबाट सङ्कलन भएको तालको पानीले स्नान गरेर शुद्ध भएर शिवमन्दिर र गुम्बामा पूजाआजा गर्दै आएका छन्। पञ्चकुण्ड तालबाट निकास भएर जाने पानीमाथि पुल निर्माण गर्ने र सुरक्षितरूपमा अवलोकन गर्ने पूर्वाधार बनाउन पहल गरिने नर्थ अन्नपूर्णको प्रवर्द्धनका लागि आधार शिविर पुग्नुभएका अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो।

सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सका मौरिस हर्जोगले अन्नपूर्ण प्रथम हिमालको आरोहण गर्नुभएको थियो। हर्गोजले आरोहणका लागि आधार शिविर जान प्रयोग गरेको पदमार्गलाई पछ्याउँदै विसं २०६८ मा 'मौरिज हर्जोग पदमार्ग'को पहिचान गरिएको थियो। अन्नपूर्ण र निलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै नारच्याङको हुमखोलासम्म सवारीसाधन र त्यहाँबाट २२ किलोमिटर पैदलयात्रा गरेर आधार शिविर पुग्न सकिन्छ।

# पर्वतका ३२ हजार नागरिक स्वास्थ्य बीमाको पहुँचमा

**पोखरापत्र संवाददाता**
पर्वत, १० जेठ

स्वास्थ्य बीमा कार्यक्रम लागू भएको लामो समय बितिसके पनि पर्वतमा अझै नागरिकको आकर्षण भने बढ्न सकेको छैन। पर्वतमा हालसम्म झण्डै ३२ हजार नागरिक स्वास्थ्य बीमाको पहुँचमा आएका छन्।

राष्ट्रिय जनगणना, २०७८ का अनुसार पर्वतको कुल जनसङ्ख्या एक लाख ३२ हजार तीन सय ५२ रहेको छ। यीमध्ये २४ प्रतिशतले स्वास्थ्य बीमा गरेको स्वास्थ्य बीमा बोर्डको सम्पर्क कार्यालयका संयोजक तथा जनस्वास्थ्य निरीक्षक टीकाकुमारी श्रीसले जानकारी दिनुभयो। जिल्लाका सातवटा स्थानीय तहमध्ये सबैभन्दा बढी कुश्मा नगरपालिकाका २८ प्रतिशतले र सबैभन्दा कम महाशिला गाउँपालिकाका १३ प्रतिशत नागरिक स्वास्थ्य बीमाको पहुँचमा छन्।

कुश्मा नगरपालिकाको कुल जनसङ्ख्या ३८ हजार सात सय ७४ रहेकामा ११ हजार ७३ जनाले बीमा गरेका छन् भने महाशिला गाउँपालिकाका आठ हजार दुई सय ३३ जनामध्ये एक हजार ६३ जनाले बीमा गरेका छन्। बिहादी गाउँपालिकाको जनसङ्ख्या १२ हजार पाँच सय २१ रहेकामा तीमध्येका एक हजार छ सय ७४ जनाले बीमा गरेका छन्। जुन त्यहाँको जनसङ्ख्याको १३ प्रतिशत हो। जलजला गाउँपालिकामा भने बीमा गर्ने धेरै छन्। सातवटा स्थानीय तहमध्ये तेस्रो धेरै स्वास्थ्य बीमा जलजला गाउँपालिकाका बासिन्दाले गरेका छन्। जलजलाको जनसङ्ख्या २१ हजार तीन सय ७५ रहेकामा तीमध्येका पाँच हजार चार सय २९ जना बीमाको पहुँचमा आएका छन्। मोदी गाउँपालिकाका नागरिक बीमा गर्नेको प्रतिशतको दोस्रो स्थानमा रहेका छन्। अठार हजार १८ जनसङ्ख्या रहेको मोदी गाउँपालिकामा चार हजार सात सय ९८ अर्थात् झण्डै २७ प्रतिशत नागरिकले स्वास्थ्य बीमा गरेका छन्। पैयुँ गाउँपालिकाका १२ हजार सात सय पाँच नागरिकमध्ये तीन हजार ६४ जनाले अर्थात् २४ प्रतिशतले बीमा गरेका छन्। यस्तै २० हजार सात सय २६ जनसङ्ख्या रहेको फलेवास नगरपालिकाका २३ प्रतिशत अर्थात् चार हजार सात सय ९६ जनाले स्वास्थ्य बीमा गरेका श्रीसले जानकारी दिनुभयो। नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रमको फाइदा र कार्यक्रमको नियमबारे आवश्यकताअनुसार सूचित गराउन नसक्दा बीमाप्रति आकर्षण बढ्न नसकेको स्वास्थ्य बीमाको क्षेत्रमा काम गर्ने कर्मचारीले बताएका छन्। वडामा कार्यरत स्वास्थ्य बीमा दर्ता सहयोगीलाई तालिम अभावका कारण सेवाग्राहीले बीमासम्बन्धी आवश्यक कुरा बुझ्न नसक्नु, सेवा प्रदायक अस्पतालबाट सहजरूपमा बिमितले उपचार सेवा र औषधि नपाएको गुनासो गर्नु, जिल्लाका सम्पर्क शाखा कार्यालयमा आवश्यक जनशक्ति नहुनु, वडामा कार्यरत स्वास्थ्य बीमा दर्ता सहयोगीको मोबाइल फोन बिग्रिएको अवस्थामा र नयाँ मोबाइलको फोन व्यवस्था गर्न नसकिएकोलगायतका कारणले समस्या भइरहेको उनीहरूको भनाइ छ।

# रासायनिक मल आपूर्ति भएपछि किसान उत्साहित

**–मिला दरै**
डुम्रे, १० जेठ (रासस)

तनहुँ जिल्लामा रासायनिक मल आपूर्ति भएपछि किसान उत्साहित भएका छन्। व्यास नगरपालिका-१ का मीनबहादुर दरैले मल आएपछि यसपाली त बालीनाली राम्रो हुने आशा जागेको बताउनुभयो। "मल आएको छ भन्ने थाहा पाएपछि हतारमा अन्य काम छाडेर मल लिन दौडिएँ, कम नै भए पनि मल पाएपछि थोरै थोरै गरी हाल्ने र फसल लाग्ने बेलाको धान, मकैमा राम्रो फसल लाग्ने आशा जागेको छ", उहाँले भन्नुभयो।

नवीन उपभोक्ता सहकारी संस्था लिमिटेडद्वारा सञ्चालित रासायनिक मलको सुपथमूल्य पसलमा लाइनमा बसी मीनबहादुरले झैँ अन्य किसानले पनि मल लिएका छन्। मलको अभावले आत्तिएका किसानले कमै मात्रामा मल पाउँदा पनि राहत मिलेको बताए।

कृषि सामग्री कम्पनी लिमिटेड तनहुँ शाखामा केही दिन अगाडि मात्रै अनुदानको एक हजार तीन सय ३१ मेट्रिकटन रासायनिक मल आएपछि वितरण थालिएको कम्पनीले जनाएको छ। जिल्लामा आपूर्ति भएको रासायनिक मल पालिकाले सिफारिस गरेको सहकारीमार्फत बिक्रीका लागि केही स्थानमा पठाइसकिएको छ भने केहीमा लिन आउने क्रम जारी रहेको लिमिटेडका शाखा प्रमुख दिनेश शर्माले जानकारी दिनुभयो।

चालु आर्थिक वर्षको जेठ ९ गतेसम्ममा जिल्लामा आठ सय २७ मेट्रिकटन युरिया, चार सय ८३ मेट्रिकटन डिएपी र ६८ मेट्रिकटन पोटास बिक्री वितरणका लागि पठाइएको उहाँले बताउनुभयो। हालसम्म कम्पनीले तनहुँ र लमजुङ जिल्लामा एक हजार तीन सय ७८ मेट्रिकटन रासायनिक मल बिक्रीका लागि पठाइसकेको छ। कम्पनीले चालु आर्थिक वर्षको जेठ ९ गतेसम्म तनहुँका किसानलाई चार सय ८० मेट्रिकटन युरिया, तीन सय ५० मेट्रिकटन डिएपी र ३७ मेट्रिकटन पोटास बिक्री गरेको प्रमुख शर्माले बताउनुभयो। उहाँका अनुसार यहाँबाट लमजुङका किसानका लागि दुई सय ६२ मेट्रिकटन युरिया, ८९ मेट्रिकटन डिएपी र १७ मेट्रिकटन पोटास विक्रीका लागि सहकारीमा पठाइएको छ।

उक्त शाखाले तनहुँलगायत लमजुङ र गोर्खा हेर्नुपर्ने हुन्छ। तनहुँ र लमजुङका लागि यस कार्यालयमा मल आपूर्ति हुने भए पनि गोर्खाका लागि ढुवानीकै क्रममा गोर्खा पठाउने व्यवस्था गरिएको छ। तनहुँमा ९० बिक्रेता, लमजुङमा ४४ र गोर्खामा ६३ गरी कूल एक सय ५७ बिक्रेतामार्फत रासायनिक मल बिक्री वितरण हुँदै आएको छ। तनहुँका सबै पालिकामा मल वितरणका लागि बिक्रेता छन्। व्यास नगरपालिकामा २१, भानु नगरपालिकामा १९ र शुक्लागण्डकी नगरपालिकामा १३ बिक्रेतामार्फत मल बिक्री वितरण हुँदै आएको छ। त्यस्तै लमजुङको राइनासकोट नगरपालिकामा १३ र सुन्दरबजार नगरपालिकामा १३ बिक्रेतामार्फत मल वितरण भइरहेको प्रमुख शर्माले जानकारी दिनुभयो। अनुदानको मल वितरण केन्द्रीय समितिको समन्वयमा मुलुकभरका किसानका लागि कूल १२ लाख मेट्रिकटन रासायनिक मल आपूर्ति गर्नुपर्नेमा वार्षिक चार लाख मेट्रिकटन मात्रै मल आपूर्ति आपूर्ति हुँदै आएको छ।

गण्डकी प्रदेशका लागि तीन प्रतिशत मल आपूर्ति हुने गरेको छ। उक्त परिमाणको रासायनिक मल ११ जिल्लाका किसानसमक्ष पुर्‍याउनुपर्ने अवस्था रहेको प्रमुख शर्माले बताउनुभयो। गण्डकी प्रदेशको ११ जिल्लामध्ये नवलपुर जिल्लालाई बढी र त्यसपछि कास्की तथा तनहुँलाई अनुदानको मलको व्यवस्था हुने गरेको छ। यस पटक कूल पाँच सय ४३ दशमलव छ मेट्रिकटन मात्रै रासायनिक मल आपूर्ति भएको छ। मुलुकभरका लागि नै कम रासायनिक मल आपूर्ति हुँदा समस्या भएकाले मलको कोटा वृद्धि गर्नुपर्ने अवस्था रहेको उहाँको भनाइ थियो। "प्रदेशका लागि कम्तिमा आठदेखि १० प्रतिशतसम्म अनुदानको मल वृद्धि गर्नुपर्ने अवस्था भएकाले जिल्लाका राजनीतिक दल, नेतृत्व तहमा रहेको नेताले आपूर्ति बृद्धिका पहल गर्नुपर्ने हुन्छ", प्रमुख शर्माले भन्नुभयो, "हाल रासायनिक मल प्रयोग नगरी उत्पादन नहुने भएको छ, सहरीकरणका कारण खेतीयोग्य भूमि सागुरिँदो अवस्थामा छ, खेतीयोग्य जमिन घट्दो र उत्पादन बढी लिन खोज्दा बर्सेनि माग बढ्दै गएको हो।"

स्थानीय तहको सिफारिसमा सहकारीमार्फत मल बिक्रीका लागि पठाइने गरिएको छ। उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा कृषि शाखा अधिकृत, प्रशासकीय अधिकृत संलग्न रहेको समितिमार्फत सिफारिसमा परेका सहकारीले रासायनिक मल बिक्री विरतरण गर्दै आएका छन्। किसानबाट बढी मूल्य तिर्नुपरेको भन्ने गुनासो आइरहेकाले तोकिएको मूल्यमा मल बिक्री वितरण गरिएको छ वा छैन भन्ने विषयमा स्थानीय तहले चासोका साथ अनुगमन गर्नुपर्ने अवस्था रहेको कार्यालयले जनाएको छ। आगामी वर्षका लागि तीन हजार मेट्रिकटन युरिया, एक हजार मेट्रिकटन डिएपी र एकसय ५० मेट्रिकटन पोटास आवश्यक रहेकाले आपूर्तिका लागि पहल गर्नुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो। सरकारले पर्याप्त बजेट विनियोजन नसक्दा बर्सेनि मलको अभाव हुने गरेको छ। सरकारले पैसामा अनुदान दिने गर्दै आएकामा परिमाणमा अनुदान दिने व्यवस्था गरे मुलुकमा आवश्यक मल आपूर्ति सहज हुनेछ। पैसामा अनुदानको घोषणा गर्दा मूल्यमा हुने उतारचढावले समस्या हुने गरेको सरोकारवावाले बताए।

# मनाङमा वैशाखमा मात्रै तीन हजार दुई सय पर्यटकले गरे भ्रमण

**रासस**
मनाङ, १० जेठ

हिमाली जिल्ला मनाङमा नयाँ वर्ष २०८० को पहिलो महिनामा सबैभन्दा बढी इजरायलका पर्यटकले भ्रमण गरेका छन्। जोखिमयुक्त पदमार्गमध्ये विश्वकै १०औँ स्थानमा पर्ने अन्नपूर्ण पदमार्गमा इजरायली पर्यटकले भ्रमण गरेका हुन्।

नेपाल आउने पर्यटकमध्ये अधिकांश पर्यटक यहाँ पुग्ने गरेका छन्। जिल्लामा वर्षको पहिलो महिनामा सबैभन्दा बढी इजरायलका नागरिकले भ्रमण गरेका अन्नपूर्ण क्षेत्र संरक्षण क्षेत्र आयोजना (एक्याप)का तमकाशी गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार पाँच सय ५१ इजरायली नागरिकले मनाङ भ्रमण गरेको तथ्याङ्कमा उल्लेख छ। त्यस्तै, तीन सय ४९ फ्रान्सका नागरिकले भ्रमण गरेका छन्। रसियन तीन सय ३२, युनाइटेड किङडम -युएस) का दुई सय दुई, युनाइटेड स्टेटस (युएस)का एक सय ९५, जर्मनीका एक सय ७७, अष्ट्रेलियाका एक सय ७३, भारतका एक सय २९, नेदरल्यान्डका एक सय २९ सहित ७३ देशका नागरिकले मनाङ भ्रमण गरेका अन्नपूर्ण क्षेत्र संरक्षण क्षेत्र आयोजना (एक्याप)का प्रमुख लेखनाथ गौतमले जानकारी दिनुभयो। उहाँका अनुसार वैशाखमा मात्रै ७३ राष्ट्रका एक हजार नौ सय ३० पुरुष र एक हजार तीन सय ५८ महिला तथा एक अन्य गरी कूल तीन हजार दुई सय ८९ नागरिकले मनाङ भ्रमण गरेका छन्। "विगतमा कोभिड-१९ को सङ्क्रमण र बाढीपहिराको जोखिमले गर्दा पर्यटकको आवागमन ठप्प रहेकामा अहिले चलायमान भएको छ", प्रमुख गौतमले भन्नुभयो। कोभिड-१९ को सङ्क्रमणपश्चात् सहज बनेको जनजीवनले गर्दा अहिले विश्वका पर्यटक नेपाल आउने क्रम जारी छ। विभिन्न देशका नागरिक नेपाल भित्रिने क्रममा विशेषगरी मनाङको अन्नपूर्ण पदमार्ग यात्रामा अउने गरेका छन्। विश्वकै जोखिम पदमार्गका रूपमा परिचित यहाँ यात्राका लागि विदेशी पर्यटक विशेषगरी आउने गरेको एक्यापका प्रमुख गौतमले बताउनुभयो। विगतमा एक पनि मनाङको जोखिम स्थलमा भ्रमण आउने पर्यटकलाई समस्या हुने गरेको थियो। अहिले बर्सात समय सुरुआत भएकाले पदमार्गको यात्रा गर्दा सम्भाव्य जोखिमका बारेमा जानकारी गराएर पठाउने गरेको गौतमले बताउनुभयो। "पर्यटक एक्लै यात्रामा जाँदा बिरामी पर्ने, हराउने र जोखिम क्षेत्रमा खोजी कार्य गर्न समस्या भएपछि नेपाल सरकारले गाइड बिना यात्रामा जान रोक लगाएको छ, अहिले गाइड लिएर मात्रै पर्यटक आउने वा यात्रा गर्ने गरेका छन्", उहाँले भन्नुभयो, "यो प्रावधानले हामीलाई पनि सहज भएको छ।" गाइड भएपछि सूचना पाउन सहज भएको उहाँले बताउनुभयो। यात्राका क्रममा पर्यटक बिरामी परेको खण्डमा गाइडको सहयोग हुने हुँदा सहज हुने गरेको पर्यटक बताउँछन्। पर्यटकको आवागमन बढेपछि मनाङका होटल तथा पर्यटन व्यवसायीमा खुसी छाएको छ। केही समयअगाडि मात्रै मनाङ पर्यटकको आवागमन बढेसँगै होटल पाउन सकस भएको पर्यटन व्यवसायी विनोद गुरुङले बताउनुभयो। पर्यटक वृद्धि हुँदा मनाङको आयस्तरसमेत बढी हुने गरेको छ।

# गल्याङ-बज्रे सडक कालोपत्रे हुँदै

**पोखरापत्र संवाददाता**
गल्याङ, १० जेठ

साँघुरो बाटोमा धुलोमैलो र हिलोका कारण आवागमनमा सास्ती भोग्दै आएका यहाँका स्थानीय पक्की बाटो बन्ने भएपछि खुसी भएका छन्। स्याङ्जाको गल्याङ बजारदेखि गल्याङ नगरपालिका-११, ८, ९, र १० जाने प्रमुख नाका गल्याङ-बज्रे सडक कालोपत्रे हुन थालेपछि यहाँका स्थानीय खुसी भएका हुन्।

गल्याङ नगरपालिकाको रू दुई करोड एक लाख ९२ हजार पाँच सय २३ र सङ्घीय सरकारको रू दुई करोड गरी कुल रू चार करोड एक लाख ९२ हजार पाँच सय २३ मा गल्याङ-बज्रे सडक कालोपत्रे हुन लागेको नगरपालिकाका प्राविधिक शाखा प्रमुख कृष्ण पौडेलले जानकारी दिनुभयो। वालिङस्थित निर्माण कम्पनी विकेक एण्ड कुवेर विल्डर्स प्रालिले कालोपत्रका नगरपालिकासँग ठेक्का सम्झौता गरी काम अगाडि बढाएको उहाँले बताउनुभयो। पौडेलका अनुसार सोही बजेटभित्र दुई हजार पाँच सय मिटर सडक कालोपत्रे, वाल उठाउने, नाली काट्ने, नाली बनाउने, होमपाईप राख्ने, कल्भर्ट बनाउनेलगायत काम गरिनेछ। नगरप्रमुख गुरुप्रसाद भट्टराईले यस आयोजनाबाट करिब आठ हजार नागरिक प्रत्यक्ष लाभान्वित हुने बताउनुभयो। बाटोको असुविधाले गर्दा किसानले उत्पादन गरेका दुध, खसिबोका, गाईभइँसी, राँगा, कुखुरा, अन्नबाली, तरकारी निर्यातमा समस्या हुँदै आएकामा कालोपत्रपछि उत्पादित सामान निर्यातमा समस्या नहुने उहाँको भनाइ थियो। उहाँले सडक सुविधा सहज भए समान ढुवानी गर्न सजिलो हुने र ढुवानी लागत पनि घट्ने बताउनुभयो।

निर्माण कम्पनीका सञ्चालक कुवेर तिवारीले गत कात्तिकदेखि सुरु भएको काम वर्षाले दुःख नदिए असार मसान्तसम्म सक्ने लक्ष्य रहेको जानकारी दिनुभयो।

स्थानीय ओमबहादुर थापाले कच्चि बाटोका कारण वर्षौंदेखि समस्या भोग्दै आएको बताउनुभयो। उहाँले कालोपत्रेको काम सकिएपछि सामान ढुवानी गर्न र यात्रा गर्न सुविधा हुने भन्दै निर्माण कम्पनीले तीव्र गतिमा काम गरिरहेको बताउनुभयो।


## सिलवन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०२/११**

**यस नौलो घुम्ती नेपालद्वारा संचालित विभिन्न परियोजनाहरुको निम्ति आवश्यक तपशिलमा उल्लेखित वस्तु तथा सेवाहरु खरिद गर्नुपर्ने भएकाले सिलवन्दी दरभाउ पत्र पेश गर्न सम्वन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।**

**खरिद गर्ने वस्तु तथा सेवाहरू :**

१. ब्याक्तिगत स्वच्छता तथा सरसफाई सामग्रीहरु (सेनिटरी प्याड, लुगा धुने साबुन, नुहाउने साबुन, सेम्पु, दन्त मन्जन, ब्रस, सेभिङ क्रिम, काईयो आदि)।

**शर्तहरू :**

१. दरभाउ पेश गर्न चाहेको फर्मले दरभउपत्रसँगै संस्था दर्ता, नविकरण, कर चुक्ता प्रमाणपत्र, आदिको प्रतिलिपि सहित शिलवन्दी गरी पेश गर्नु पर्नेछ।
२. दरभाउ पेश गर्दा वस्तुको हकमा नाम परिमाण, गुणस्तर, उत्पादक कम्पनी, ग्यारेन्टी, वारेन्टी आदि स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ।
३. दरभाउ पत्र पेश गर्न चाहने व्यक्ति वा कम्पनी वा सप्लायर्सहरुले शिलवन्दी कागजात सूचना प्रकाशन भएको मितिले ७ दिन (२०८०/०२/१७) कार्यालय समयभित्र पेश गर्नुपर्ने छ।
४. सप्लार्यस छनौट सम्वन्धी सम्पूर्ण अधिकार संस्थाको खरिद समितिमा निहित हुनेछ।
५. माथि उल्लेखित वस्तुहरुको Specification संस्थाको कार्यालय तथा website www.ngn.org.np मा गई Download बाट प्राप्त गर्न सकिनेछ।
६. थप जानकारीका लागि नौलो घुम्ती नेपालको सम्पर्क नं: ०६१-४०२०७०/४०२०७१ मा सम्पर्क गर्न सकिनेछ।

**खरिद समिति**
नौलो घुम्ती नेपाल
पोखरा-१७, सितापाईला